माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०५ संख्याः ०८ मितिः २०७८।११।२९

## भाग-२

सम्बत् २०७८ सालको कार्यविधि नं. ४

# माछापुच्छ्रे गाउँपालिकाको स्वास्थ्य बीमा संयोजन समिति गठन/सञ्चालन कार्यविधि, २०७८

**प्रस्तावनाः** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २६ मा प्रत्येक स्थानीय तहमा स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न सहजीकरण गर्ने लगायतका कार्य गर्नको लागि स्थानीय सरकारले तोके बमोजिमको एक स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति रहनेछ भन्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउन वाञ्छनीय भएकोले **माछापुच्छ्रे गाउँपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा** ४ ले दिएको अधिकार प्रयोग गरी माछापुच्छ्रे गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम " **माछापुच्छ्रे गाउँपालिकाको स्वास्थ्य बीमा संयोजन समिति गठन/सञ्चालन कार्यविधि, २०७८"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-,

क) "ऐन" भन्नाले स्वास्थ्य बीमा बोर्ड ऐन, २०७४ लाई सम्झनु पर्छ ।

ख) "नियमावली" भन्नाले स्वास्थ्य बीमा बोर्ड नियमावली, २०७५ सम्झनु पर्छ ।

स्थानीय राजपत्र माछापुच्छ्रे गाउँपालिका

ग) "कार्यक्रम" भन्नाले नियमावलीको नियम २ को खण्ड (ख) बमोजिमको कार्यक्रम सम्झनुपर्छ ।

घ) "गाउँपालिका" भन्नाले माछापुच्छ्रे गाउँपालिकालाई सम्झनु पर्छ ।

ङ) "बोर्ड" भन्नाले स्वास्थ्य बीमा बोर्ड सम्झनु पर्छ ।

च) "संयोजन समिति" भन्नाले नियमावलीको नियम २६ बमोजिम स्थानीय तहले गठन गरेको स्वास्थ्य बीमा संयोजन समिति सम्झनु पर्छ ।

## परिच्छेद २

## समितिको गठन

**३. संयोजन समिति गठनः** (१) नियम २६ बमोजिम गाउँपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमिजिमको गाउँपालिका स्तरीय स्वास्थ्य बीमा संयोजन समिति समिति रहने छ ।

क) गाउँपालिका अध्यक्ष - संयोजक

ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

ग) अध्यक्षले तोकेको बढी जनसंख्या भएका कुनै एक वडाको वडा अध्यक्ष -सदस्य

घ) अध्यक्षले तोकेको, सेवा प्रदायक स्वास्थ्य संस्था प्रमुख -सदस्य

ङ) अध्यक्षले मनोनित गरेको स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेका एक महिला स्वंयसेविका सहित तीन जना - सदस्य

च) स्वास्थ्य शाखा प्रमुख - सदस्य

छ) महिला बालबालिका तथा समाज कल्याण शाखा प्रमुख -सदस्य

ज) दर्ता अधिकारी स्वास्थ्य बीमा बोर्ड -सदस्य

झ) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत -सदस्य सचिव

(२) संयोजन समितिको बैठक आवश्यकता अनुसार वर्षमा कम्तिमा चार पटक बस्नेछ।

(३) सदस्य सचिवले बैठकको कार्यसुचि संयोजकको स्वीकृतिमा तय गर्नु पर्नेछ।

(४) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ ।

(५) बैठकमा कुनै खास बिषय विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

(६) सदस्यहरुलाई बैठक बस्ने जानकारी र बैठकमा पेश हुने कार्यसुचि सामान्यतया तिन दिन अघि दिनु पर्नेछ तर कुनै खास विषयमा चौविस घण्टा अघि जानकारी दिई बैठक बस्न वाधा पर्ने छैन ।

(७) बैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्नेछन्।

स्थानीय राजपत्र माछापुच्छ्रे गाउँपालिका

(८) बैठक बसेको दिनमा पदाधिकारीले प्रचलित नियम बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(९) सचिवालयको काम सम्बन्धित पालिकाको कार्यालय गर्नेछ ।

**४. काम, कर्तव्य र अधिकारः** संयोजन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिकाको क्षेत्र भित्र कार्यक्रम विस्तार गर्न प्रवर्धनात्मक कार्यमा सहयोग गर्ने,

ख) गाउँपालिका अन्तर्गतका सरकारी, सार्वजनिक संस्थाहरुको कर्मचारी र परिवारलाई स्वास्थ्य बीमाको दायरामा ल्याउन नियमावलीले तोके बमोजिम प्रिमियमको व्यवस्था गरी कार्यक्रममा आवद्ध गर्ने,

ग) अति गरिव परिवारलाई कार्यक्रममा आवद्ध गर्न पालिका र बोर्ड बीच समझदारी गर्ने,

घ) नसर्ने रोगको लागि कार्यक्रमले दिई आएको सुबिधा उपल्ब्ध गराउन वा बृद्धी गर्न बोर्ड सँग साझेदारी गर्ने,

ङ) कार्यक्रमगत रुपमा बोर्डलाई ससर्त अनुदान उपलब्ध गराउन सक्ने,

च) गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवाको गुणस्तर बृद्धी गर्ने गराउने,

स्थानीय राजपत्र माछापुच्छ्रे गाउँपालिका

छ) बीमाबाट प्रदान गरिने औषधिहरु पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरू द्वारा संचालित फार्मेसीमा उपलब्ध हुने व्यवस्थामा सहयोग गर्ने गराउने,

ज) स्वास्थ्य संस्थाहरुमा चिकित्सकको उपलव्धता हुने व्यवस्था गर्ने गराउने,

झ) स्वास्थ्य संस्थाहरुमा उपकरण, प्रयोगशालाको सेवामा निरन्तता, स्तरोउन्नति र पुर्वाधार अभिवृद्दीमा सहयोग गर्ने,

ञ) कार्यक्रम प्रवर्धनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश र बोर्डसँग समन्वय गर्ने,

ट) संयोजन समितिले आवश्यक देखेका बीमा कार्यक्रमसँग सम्बन्धित अन्य बिषयहरू ।

**५. बजेटः** स्वास्थ्य बीमा संयोजन समितिको सचिवालय सञ्चालनको लागि आवश्यक खर्चको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

## परिच्छेद ३

## विविध

**६. कार्यविधिमा संशोधनः** गाउँपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

**७. बाधा अड्काउ फुकाउने अधिकारः** यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अडचन पर्न आएमा गाउँपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

८. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम हुनेछ। यस कार्यविधिमा लेखिएको कुनै विषय प्रचलित कानुनसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ।

आज्ञाले

विष्णु प्रसाद पोखरेल

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र माछापुच्छ्रे गाउँपालिका

मूल्यः रु. २०।-

प्रकाशकः

माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाहाचोक, कास्की